हरिनास गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चित्रेभञ्याङ्ग, स्याङ्जा
स्थापित :२०७३

पत्र संख्या: ०७७/०७८
चलानी नं.: १४८५

गण्डकी प्रदेश, नेपाल
मितिः २०७८/०२/०२

विषयः सूचना अनुसार गर्नु गराउनु हुन ।

श्री वडा कार्यालय सबै
हरिनास, स्याङ्जा ।

उपरोक्त विषयमा राष्ट्रिय बाल अधिकार परिषद्, श्रीमहल, पुल्चोक, ललितपुरको च.नं. २२१२ मिति २०७८/०१/२९ को कोभिड सङ्क्रमणमा बाल संरक्षण तथा बाल संवेदशील सेवा प्रवाह सम्बन्धी विशेष अनुरोध यसै पत्रसाथ संलग्न राखि पठाइएको छ । सो पत्रबाट थप व्यहोरा अवगत गर्नुभई सोही बमोजिम गर्न गराउनु हुन अनुरोध छ ।

परशुराम उपाध्याय
२०७८/२/२

.........................
पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
# राष्ट्रिय बाल अधिकार परिषद्
National Child Rights Council-NCRC
श्रीमहल, पुल्चोक, ललितपुर

पत्र संख्या : २०७७/७८
चलानी नं. : २२९२

२०७८/०१/२९

श्री प्रमुख/अध्यक्षज्यू
स्थानीय तह (सबै) ।

**विषयः-कोभिड सङ्क्रमणमा बाल संरक्षण तथा बाल संवेदनशील सेवा प्रवाह सम्बन्धी विशेष अनुरोध।**

कोभिड-१९ महामारीको दोस्रो लहरमा नयाँ भेरियन्ट सहितको सङ्क्रमण तीव्र गतिमा फैलिरहेको तथा यसले बालबालिकालाई समेत नराम्ररी असर गरेको कुरा हामी माझ अवगत नै छ। नेपालको संविधान, बालबालिका सम्बन्धी विद्यमान कानूनी तथा नीतिगत व्यवस्थाले विपदको अवस्थामा बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षण, सहभागिताका अधिकार सुनिश्चितताका लागि राज्यका निकायहरूलाई थप जिम्मेवार बनाएको विदितै छ। यस सन्दर्भमा तहाँ पालिकाबाट कोभिड सङ्क्रमणको समयमा बालबालिकालाई बचाउन, सङ्क्रमित बालबालिकालाई बालमैत्री सेवा प्रवाह गर्न तथा यस विपदबाट बालबालिकाको संरक्षण सुनिश्चित गर्न स्थानीय तहमा गर्न सकिने काम कारवाही देहाय बमोजिम पहिचान भएको छ। स्थानीय तहमै बालबालिकाको संरक्षण तथा स्वास्थ्य सुरक्षाका लागि तल उल्लेख गरिएका क्रियाकलापहरू सञ्चालन गरी कोभिड सङ्क्रमण सम्बोधनका क्रममा बालबालिकालाई उच्च प्राथमिकतामा राख्न समेत परिषद् हार्दिक अनुरोध गर्दछ।

१. जनस्वास्थ्यका न्यूनतम मापदण्ड पालना गरिएको, बालक तथा बालिकाको लागि अत्यावश्यकीय सामग्री जस्तै- सफा पिउने पानी, मास्क, स्यानिटाईजर, रूमाल, साबुन, औषधी, स्यानिटरी प्याड सहितको बालमैत्री भौतिक पूर्वाधार, बालबालिकाको लागि उपयोगी हुने खालका पुस्तक, साहित्यिक सामग्री, घरभित्र खेलिने सामग्री, साना बालबालिकाका लागि खेलौना, गीत सङ्गीतका सामग्रीको उपलब्धता, बालमैत्री व्यवहारका बारेमा जानकार स्वास्थ्यकर्मी, मनोविमर्शकर्ता सहितको बालमैत्री आईसोलेसन वार्ड तथा क्वारेन्टिनको व्यवस्था हुन।
२. कोभिड सङ्क्रमणको जोखिममा रहेका बालबालिकाको पहिचान, सहायता तथा प्रेषणका लागि २४ सै घण्टा सम्पर्क गर्न सकिने फोन नम्बर सहित हेल्पडेस्कको स्थापना र सञ्चालन हुन।
३. बालबालिका सम्बन्धी सेवा, सेवा प्रदायक निकाय, अस्थायी संरक्षण सेवा केन्द्रको नक्शाङ्कन, सामाजिक कार्यकर्ता, मनोविमर्शकर्ताको सूचीकरण तथा आवश्यकतानुसारको परिचालन गरी सेवा प्रवाह गर्ने।
४. बालबालिकाको शैक्षिक निरन्तरताका लागि शिक्षा शाखाको सक्रियतामा समुदायमा आधारित वैकल्पिक शिक्षण सिकाईको व्यवस्था हुन।
५. स्वास्थ्य शाखाको सक्रियतामा बालबालिकाले नियमित पाउने खोप, पोषण तथा स्वास्थ्य उपचार सम्बन्धी सेवा प्रवाह निरन्तर हुन।

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
राष्ट्रिय बाल अधिकार परिषद्
National Child Rights Council-NCRC
श्रीमहल, पुल्चोक, ललितपुर

पत्र संख्या : २०७७/७८
चलानी नं. : २२९२

६. स्थानीय तहमा उपलब्ध एफ.एम./रेडियो तथा सामाजिक सञ्जालबाट बालबालिकाको सहभागितामा रचनात्मक, बौद्रिक, सृजनात्मक क्षमता अभिवृद्धि हुने खालका गतिविधि सञ्चालन हुन।
७. कोभिडले बालबालिकामा पार्न सक्ने नकारात्मक असरको न्यूनीकरण तथा कोभिड सङ्क्रमणबाट जोगाउन र कोभिड भएको अवस्थामा घरमा गर्न सकिने स्याहारका उपायहरू, स्थानीय तहबाट प्रवाह भै रहेका सेवाहरू, अनलाईन दुर्व्यसन तथा दुर्व्यवहारबाट बच्न अभिभावकको भूमिका जस्ता विषयमा सकारात्मक सूचना सम्प्रेषण हुन।

बालबालिका सम्बन्धी ऐन, २०७५ बमोजिम बालबालिकाको हक, हित अधिकारको संरक्षण तथा सम्वर्धनका लागि नेपाल सरकारको मुख्य र उच्च स्तरीय निकायको रूपमा स्थापित यस राष्ट्रिय बाल अधिकार परिषद् नीतिगत परामर्श, क्षमता विकास तथा राष्ट्रिय बाल संरक्षण प्रणाली सुदृढीकरणका क्रियाशील रहेको सन्दर्भमा माथि उल्लेखित बाल संरक्षण तथा बाल संवेदनशील सेवा प्रवाहका लागि आवश्यक प्राविधिक सहजीकरणका साथै कोभिडबाट पीडित तथा प्रभावित बालबालिका तथा उनीहरूको परिवार, विपन्न परिवार, दैनिक ज्याला मजदुरी गर्ने परिवारमा रहेका बालबालिका खाद्य सङ्कटमा परेमा तत्काल राहत, उपचारका साथै हिंसा, दुर्व्यवहारमा परेका बालबालिकालाई तत्काल संरक्षण सहायताका लागि प्रतिबद्द रहेको समेत अनुरोध छ।

मिलनराज धरेल
कार्यकारी निर्देशक


फोन नं.: ०१-५५५०१२१, ५५५०१४७
Tel. : 01-5550121, 5550147
फ्याक्स: ९७७-१-५५२७५९१
Fax : 977-1-5527591
E-mail : contact@ncrc.gov.np
Website : www.ncrc.gov.np
E-Portal : www.childrights.gov.np